फोन नं. : ०६७ ४३०१०२/१०३

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत
## गण्डकी प्रदेश, नेपाल

# सूचना

जिल्लामा तिव्रगतिमा फैलिएको कोभिड १९ को संक्रमण फलेवास नगरपालिकाको समुदाय तहमा थप फैलिन नदिन विद्यालयमा भौतिक रुपमा उपस्थित भै पठनपाठन गर्ने कार्य वन्द गरिएको छ । नगर क्षेत्रमा अत्याधिक सेवाग्राहीको भिडभाड हुने नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, सेवा केन्द्रहरु समेत मिति २०७८ वैसाख १९ गते देखि २३ गते सम्म अत्यावश्यक सेवा वाहेका नियमित सेवाहरु वन्द गरिएको व्यहोरा अवगत गराउँदछौं ।

राष्ट्रसेवक कर्मचारीहरुले अनलाईन मार्फत रिर्पोटिङ, अभिलेख व्यवस्थापन र कार्यालयले तोकिएका कार्यहरु नियमित सम्पादन गर्न गराउनु हुन जानकारी गराईन्छ । वडाको उच्चतम विद्यालयले वडा कार्यालयको समन्वयमा वार्ड भित्रका अन्य विद्यालयका शिक्षक समेतको सहभागितामा वैठक गरी टोल तहमा शिक्षक प्रतिनिधि व्यवस्थापन गरी टोल विकास संस्था परिचालन गरी सचेतना, घरपरिवार तह वा टोल स्तरमा क्वारेन्टाईन व्यवस्थापन, घरघरमा वालवालिकाको सिकाई निरन्तरता, संक्रमण क्षेत्रवाट समुदायमा आउने व्यक्तिलाई टोल विकास संस्था मार्फत क्वारेन्टाईनमा राख्न, सहजीकरण गर्न, समुदायमा आधारित संस्थाहरु परिचालन गर्न आवह्‌न गर्दछौं ।

नेपालमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस पर्वत जिल्ला र पालिकामा संक्रमण वृद्धि हुंदै गएको छ । कोरोना भाइरस (COVID-19) को रोकथाम, नियन्त्रणका लागि नगर कार्यपालिकाले विभिन्न रणनीति तयार गरी कार्य गर्दै आएको छ। कोरोना भाइरसको संक्रमण फैलिन नदिन नगर कार्यपालिका सजग रहेको छ । कोभिड १९ को संक्रमण समुदाय तहसम्म फैलिन सक्ने भएको हुंदा आफु, आफ्नो परिवार र समुदायमा रहेका अन्य व्यक्तिहरुको सुरक्षाका लागि आ-आफुले मान्दै आएका धर्मसंस्कृति, उत्सवमा सजगता अपनाउन, भौतिक दुरी कायम गर्न, धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न र सरकारले अगाडी सारेका संक्रमण नियन्त्रण एवं रोकथामका उपायहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरवासीहरुमा हार्दिक अपिल गर्दछौं ।

मिति : २०७८ साल वैसाख १८ गते

पदमपाणी शर्मा
नगर प्रमुख